का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ७५
- १७ बैशाख २०७७, बुधबार
- 29 April 2020, Wednesday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: मंगलबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | ५४ जना | १६ जना | १०८०७ | १०७ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ३० लाख ८४ हजार | ९ लाख ३४ हजार | दुई लाख १२ हजार | १९ लाख ३७ हजार |

# संकटमा नेकपा

- ओली-प्रचण्ड भेटवार्ता
- सांसदहरुको छुट्टा-छुट्टै भेला
- मंगलबार बोलाउने भनिएको सचिवालय बैठक सर्‍यो
- ओली पक्षको प्रस्ताव नेपाल पक्षबाट अस्वीकार
- सरकार परिवर्तनबारे पूर्व माओवादी विभाजित

**सत्तारूढ नेपाल कम्युनिष्ट पार्टीभित्रको विवाद उत्कृर्षतर्फ अगाडि बढेको छ । प्रधानमन्त्री केपी ओली र उनका इतर खेमाले आफ्ना पक्षका सांसदहरूसँग भेला नै आयोजना गर्न थालिएपछि पार्टीभित्रको विवाद थप बढेको छ ।**







शीर्ष नेताहरू बीच समन्वयको अभाव देखिएको छ । यसले विवाद बढेपनि पार्टी विभाजन हुन दिदैनौं । त्यसका लागि हामी लागी परेका छौं ।

■ **विशाल भट्टराई**
**नेता, नेकपा**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ वैशाख ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी अध्यक्ष एव्म प्रधानमन्त्री केपी शर्मा ओली र उनका इतर खेमा बीचको विवाद थप उत्कर्षतर्फ अगाडि बढेको छ । सोमबार कोटेश्वरमा प्रधानमन्त्री ओली र बरिष्ठ नेता माधवकुमार नेपाल पक्षका नेताहरु बीच भएको वार्तामा सहमति जुट्न नसकेपछि विवाद थप उत्कृष तर्फ अगाडि बढेको हो ।

बैठक स्रोतका अनुसार, प्रधानमन्त्री ओलीका पक्षका नेताहरुले मन्त्रिपरिषद पुनर्गठन तथा मुख्यमन्त्रीहरु हेरफेरका प्रस्ता राखेका थिए । तर, नेपाल पक्षबाट वार्तामा बसेका नेताहरुले उक्त प्रस्ताव अस्वीकार गरे । निर्णायक भनेर चर्चा गरिएको वार्तामा सहमति जुट्न नसकेपछि दुवै पक्षले आफ्ना खेमाका सांसदहरुलाई संवाद अगाडि बढाएका छन् । कतिसम्म भने प्रधानमन्त्री केपी शर्मा ओलीले आफू निकट सांसदहरुलाई पार्टी विभाजनसम्म जान सकिने संकेत दिएका थिए । सोमबार साँझ बालुवाटारमा आफू निकट सांसदहरुसँग प्रधानमन्त्री ओलीले कुरा नमिले पार्टी विभाजन हुन सक्ने संकेत दिएका थिए ।

यता, बरिष्ठ नेता नेता निकटका नेताहरुले पनि आफ्ना पक्षका सांसदहरुसँग सम्वाद अगाडि बढाएका छन् । आवश्यक परे हस्ताक्षर नै संकलन गर्नेसम्मको तयारी भएको नेता नेपाल निकट एक सांसदले बताए । ती सांसदका अनुसार, नेता नेपाल निकटका सांसदहरुले सम्वादलाई बाक्लो बनाएका छन् ।

पार्टीभित्र ओलीले एक्लौटी गर्न नछोडेको र पटक-पटक धोका दिएकाले यसपटक नछोड्ने मूड नेपाल खेमा रहेको स्रोत बताउँछन् । तर, ओली निकटका नेताहरु अझै पनि सहमतिकै प्रयासमा देखिन्छन् । सोमबार मात्रै ओली निकट नेताहरु ईश्वर पोखरेल, प्रदीप ज्ञवाली, शंकर पोखरेल नेता नेपाल निकट नेताहरुसँग वार्तामा बसेका थिए । नेता नेपाल निकट नेताहरु भीम रावल, सुरेन्द्र पाण्डे र रघुजी पन्तसँग भएको वार्ताले मंगलबार सचिवालय बैठक बोलाउने अनौपचारिक सहमति गरेको थियो । तर, उक्त सहमति अनुसार, ओलीले सचिवालय बोलाएनन् । बरु, अर्का कार्यकारी अध्यक्ष पुष्पकमल दाहालसँग बालुवाटारमा भेटवार्ता गरे ।

स्रोतका अनुसार, प्रधानमन्त्री ओली कुनै हालतमा पाँच वर्ष आफैं सरकार चलाउनेगरी तयारी गरिरहेका छन् । गएको मंसीरमा मात्रै दाहाललाई कार्यकारी अध्यक्ष दिएर पाँच वर्ष आफैं प्रधानमन्त्री बन्ने बाटो तय गरेका ओली फेरि नेता नेपालका कारण अप्ठ्यारोमा परेका छन् । अहिले नेता नेपाल ओलीलाई प्रधानमन्त्रीबाट हटाउने तयारीमा जुटेका छन् । यसका लागि प्रधानमन्त्री ओलीले सचिवालय नभए पनि संसदीय दलमा बहुमत जुटाउने तयारी गरेका छन् । त्यसैका लागि प्रधानमन्त्री ओलीले आफैं सांसदहरुसँग सम्वाद थालेका छन् । र, यही सूचनाका आधारमा नेता नेपाल निकट नेताहरु पनि सम्वादमा

बाँकी पृष्ठ २ मा

# ५४ पुग्यो संक्रमित संख्या

**रौतहटमा मंगलबार थप दुई जनाको रिपोर्ट पोजिटिभ आएसँगै नेपालमा संक्रमित संख्या ५४ पुगेको छ भने १६ जना निको भएर घर फर्किएका छन् ।**



**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ वैशाख

विश्वव्यापी महामारी बनेको कोभिड-१९ को संक्रमित रोकिन सकेको छैन । महामारीका कारण विश्वभर लकडाउन कायम छ । संक्रमण रोकथाम गर्न सफल केही देशहरुले मात्रै लकडाउन खुला गरेको छ । नेपालमा पनि गएको चैत ११ गते देखि जारी लकडाउन कायमै छ । २५ वैशाखसम्म जारी लकडाउन खोलाउनेबारे सरकारले गृहकार्य गरिसकेको छैन ।

तर, संक्रमित भने बढिरेहेकै छ । मंगलबार मात्रै पनि थप दुई जनामा संक्रमण देखिएको छ । टेकुस्थित राष्ट्रिय प्रयोगशालामा परीक्षणका क्रममा रौतहटका २४ र ३५ वर्षीय दुई पुरुषमा कोभिड-१९ को सङ्क्रमण देखिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले बताए । थप दुईजनामा सङ्क्रमण देखिएपछि सङ्क्रमितको सङ्ख्या ५४ पुगेको छ भने पूर्णरुपमा स्वस्थ्य भएर १६ जना घर फर्किएका छन् । अहिले ३९ जना सङ्क्रमित अस्पतालको आइसोलेशनमा छन् ।

सङ्क्रमित अहिले क्वारेन्टाइनमा रहेको र अस्पताल लैजाने तयारी भइरहेको उनले जानकारी दिए । सङ्क्रमितको नजीक रहेका कन्ट्याक्ट ट्रेसिङसमेत भइरहेको जनाइएको छ ।

**ईयूको १० अर्ब**

युरोपेली सङ्घले नेपाल सरकारलाई रु नौ अर्ब ८० करोड उपलब्ध गराउने भएको छ । कोभिड-१९ को महामारीविरुद्ध जुध्न तथा त्यसको प्रभाव घटाउन सङ्घले नेपाललाई उक्त रकम प्रदान गर्न लागेको हो । यहाँस्थित युरोपेली सङ्घ प्रतिनिधिमण्डलका अनुसार कोभिड-१९ को महामारीलाई परास्त गर्न आवश्यक पर्ने स्वास्थ्य सामग्री, उपकरण तथा आर्थिक पुनरुत्थानमा सदस्य राष्ट्रलाई सघाउन २० अर्बभन्दा बढी युरोको 'टिम युरोप प्याकेज' स्थापना गरिएको छ ।

सङ्घले वैशाख २२ गते कोभिड-१९ विरुद्धको खोप विकास गर्न विश्वव्यापी रूपमा आर्थिक सहयोग जुटाउने उद्देश्यले 'अनलाइन' प्रतिबद्धता सम्मेलन गर्ने जनाइएको छ ।

**सशस्त्रको उच्च निगरानी**

बन्दाबन्दीपछि नेपाल भारत सीमा क्षेत्रमा सशस्त्र प्रहरी बल नेपालले उच्च निगरानी बढाएको छ । सरकारले सीमाक्षेत्रमा मानिसको आवतजावत पूर्णरुपमा प्रतिबन्ध गर्ने

बाँकी पृष्ठ २ मा

# अन्योलमा बजेट अधिवेशन



**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ वैशाख

कोभिड-१९ महामारी तथा सत्तारुढ नेकपाभित्र देखिएको आन्तरिक विवादका कारण बजेट अधिवेशन नै अन्योलमा परेको छ ।

काठमाडौं/रासस- कोभिड-१९ बाट सिर्जित अवस्था र नेकपाभित्र आन्तरिक बिवादले सङ्घीय ससद् (प्रतिनिधिसभा र राष्ट्रियसभा)को छैटौं अधिवेशन आह्वान पर धकेलिएको छ । नेपाल सरकारका अर्थमन्त्रीले हरेक आर्थिक वर्षका लागि राजश्व र व्ययको अनुमान (बजेट) प्रत्येक वर्ष जेठ महिनाको १५ गते सङ्घीय संसद्मा पेश गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।

नेकपा संसदीय दलका मुख्य सचेतक देवप्रसाद गुरुङले बजेटसम्बन्धी संवैधानिक व्यवस्था र प्रि-बजेट छलफलको तालिकाअनुसार अधिवेशन आह्वान गर्ने समय भइसकेको जानकारी दिए । बजेट प्रस्तुत गर्नु १५ दिनअघि प्रि-बजेट छलफलका लागि संसद्को बैठक बस्नुपर्ने कानूनी व्यवस्था छ । बजेटअघि नीति तथा कार्यक्रम प्रस्तुत हुन्छ ।

उनी भन्छन्, "अहिले विपद्को समय छ । अधिवेशन आह्वान सरकारको परामर्शमा हुन्छ । प्राप्त समयको व्यवस्थापन गरेर काम गर्नुपर्छ । अधिवेशन बोलाउने समय भने भइसक्यो ।" नेपालको संविधानले सरकारको सिफारिसमा राष्ट्रपतिलाई सङ्घीय संसद्को अधिवेशन आह्वान र अन्त्य गर्ने अधिकार प्रदान गरेको छ । बर्खे अधिवेशनलाई बजेट अधिवेशन भनिन्छ । राष्ट्रपतिबाट यस अधिवेशनमा सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत हुन्छ ।

प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेसका सचेतक पुष्पा भुषालले कोरोनाले मुलुकको अर्थतन्त्रमा ल्याएको चुनौती र अर्थतन्त्रका अबका प्राथमिकताजस्ता महत्वपूर्ण विषयमा गहन छलफल गर्नुपर्ने भएकाले अधिवेशन आह्वान गर्न अब ढिलाइ गर्न नहुने सुझाव दिइन् । सभामुखको अध्यक्षतामा बस्ने कार्यव्यवस्था परामर्श समितिले प्रि-बजेटलगायत विषयमा सदनमा छलफलका लागि समय र कार्यसूची निर्धारण गर्ने गर्छ ।

उनी भन्छिन्, "अधिवेशनका विषयमा सभामुखसँग छलफल भएको छैन । अब

बाँकी पृष्ठ २ मा

मिहिनेतको कमाइको सम्मान गर्ने बानी बसालौं, भ्रष्टाचारमुक्त समाजको निर्माणमा मद्दत पुर्‍याऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# प्रभावकारी भएनन् दूतावासहरू

## गैरआवासीय नेपाली संघका अगुवाहरुको परराष्ट्रमन्त्रीसमक्ष गुनासो




**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ वैशाख

विभिन्न देशमा रहेका गैर आवासीय नेपाली संघका प्रतिनिधिहरुले कोरोना भाइरसको संकटको अवस्थामा नेपाली दूतावासहरु प्रभावकारी हुन नसकेको गुनासो परराष्ट्र मन्त्री प्रदीप कुमार ज्ञवाली समक्ष गरेका छन् । अन्य देशका दूतावासहरुले कोरोना महामारीका बेला आफ्ना नागरिकहरुलाई पुऱ्याएको सहयोगको तुलनामा नेपाली दूतावासहरु प्रभावकारी हुन नसेकेको र कतिपय नेपाली दूतावासमा अत्यन्तै जरुरी पर्दा समेत टेलिफोन नउठ्नेदेखि जनशक्ति अभावको वहाना देखाएर सहयोग गर्न पन्छिने गरिएको जस्ता गुनासा मन्त्री ज्ञवालीलाई सुनाइएको छ ।

गैर आवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदले भिडियो कन्फरेन्सको संयोजन गरेको थियो । ठूलो संख्यामा नेपाली कामदार रहेका मलेसिया र खाडी मुलुकसहित विभिन्न १६ देशका गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय समितिका अध्यक्ष तथा प्रतिनिधि मंगलबार परराष्ट्रमन्त्री ज्ञवालीसँग भिडियो कन्फरेन्समा जोडिएका थिए ।

छलफलमा रसियाबाट उपाध्यक्ष डा. बद्री केसी, अमेरिकाबाट महासचिव गौरी जोशी, लेवनानका अध्यक्ष अशोक थापा, कुवेतका अध्यक्ष सुजन केसी, केन्याका अध्यक्ष सुरज डुम्रे, क्यानडाका अध्यक्ष चिरञ्जीवी घिमिरे, फिनल्याण्डका अध्यक्ष श्रवण खनाल, मलेसियाका अध्यक्ष हरि भट्टराई, न्युजील्याण्डका अध्यक्ष लाल बहादुर केसी, अष्ट्रेलियाका अध्यक्ष विनोद चौलागाई, कतारका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमान, चेक रिपब्लिकका अध्यक्ष चिरञ्जिवी खड्का र रसियाका अध्यक्ष शिव मणि भुर्तेल कन्फरेन्समा सहभागी भएका थिए ।

अन्य विज्ञहरुले जस्तै गैर आवासीय नेपाली प्रतिनिधिहरुले पनि वैदेशिक रोजगार बोर्ड मातहत रहेको करिब ६ अर्ब रुपैयाँको वैदेशिक रोजगार कल्याणकारी कोषको प्रभावकारी परिचालन गरेर समस्यामा परेका नेपालीहरुलाई उद्धार गर्नुपर्ने माग परराष्ट्र मन्त्री ज्ञवाली समक्ष राखेका छन् ।

विशेषगरी महामारीले गर्दा कम्पनी बन्द भएका, करार अवधि समाप्त भएका, होटल, रेस्टुरेण्ट विशेष गरी सेवा क्षेत्रमा रोजगार भई लामो

बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# भोलि कोरिया पठाउने तयारी

काठमाडौं/रासस- सरकारले रोजगार अनुमति प्रणाली (इपिएस) प्रणालीबाट दक्षिण कोरिया गएर बिदामा नेपाल फर्केका नेपालीलाई वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आग्रह गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मंगलबार एक सूचना जारी गर्दै बिदामा नेपालमा रहेका व्यक्तिले स्वेच्छाले आफ्नो काममा फर्की जान चाहनेलाई विभागअन्तर्गत रहेको इपिएस कोरिया शाखामा सम्पर्क गर्न आग्रह गरेको हो ।


आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले वैध प्रवेशाज्ञा भई हाल बिदामा नेपालमा रहेका कामदारलाई स्वास्थ्य परीक्षण गराई उनीहरुकै खर्चमा चार्टर्ड उडानमार्फत जान स्वीकृति दिएको थियो । कोरोना महामारीअघि बिदा लिएर नेपाल आएका नेपाली श्रमिक, विद्यार्थी तथा व्यवसायी अन्तर्राष्ट्रिय उडान बन्द हुँदा यहीँ अलपत्र परेका थिए ।

यद्यपि यसबीचमा कोरियाबाट कति नेपाली श्रमिक बिदामा नेपाल आएका छन् भन्ने तथ्यांक आफूहरुसँग नभएको इपिएस कोरिया शाखाले जनाएको छ । गैरअवासीय नेपाली संघ (एनआरएनए) को पहलमा त्यस्ता कामदारको संख्या संकलन गर्ने काम भइरहेको छ । करीब

बाँकी पृष्ठ २ मा

# जनसम्पर्क अष्ट्रेलियासँग कांग्रेसको अन्तरक्रिया

**काठमाडौं/मस–** एक लाखभन्दा माथिको संख्यामा अष्ट्रेलियामा रहेका नेपालीहरूमा कोरोना भाइरसका कारण परेको प्रत्यक्ष अप्रत्यक्ष प्रभावका बारेमा नेपाली कांग्रेस केन्द्रले चासो व्यक्त गरेको छ । कांग्रेस जनसम्पर्क विभाग प्रमुख गोविन्द भट्टराईले अष्ट्रेलियामा रहेक आठवटै राज्यका जनसम्पर्क समितिका अध्यक्षसहित विभिन्न सामाजिक व्यक्तित्वहरूसँग भिडियो अन्तरक्रिया गरी त्यहाँको पछिल्लो वस्तुस्थितिका वारेमा जानकारी लिएको सिड्नीबाट पत्रकार प्रकाश हुमागाईले जानकारी दिए ।




जनसम्पर्क समिति अष्ट्रेलिया एन एस डब्ल्यु राज्यका अध्यक्ष इथान (थानु) शाक्यद्वारा संयोजन गरिएको सो भेलामा एनआरएन अष्ट्रेलिया अध्यक्ष केशब कँडेल, नेपाल अष्ट्रेलिया प्रजातान्त्रिक मञ्च (एनएडिएफ) अध्यक्ष सुरेन्द्र सापकोटा, एनएडिएफका पूर्व अध्यक्ष विवेक थापा, एनआरएन ओसियाना पूर्व क्षेत्रीय लंयोजक महेन्द्र लम्साल, वर्तमान एनआरएन ओसियाना उप संयोजक नबिन कंडेल, पत्रकार महासंघ अष्ट्रेलियाका अध्यक्ष हेमन्त काफ्ले, एनआरएन आइसीसी सदस्यद्वय नारायण काफ्ले र दुर्गा आचार्य, नेपाली कांग्रेस महासमिति सदस्य कञ्चन पोखरेललगायतका वक्ताहरुले कोरोनाविरुद्धको लडाइमा सबै एक जुट हुनुपर्नेमा जोड दिएका थिए ।

अन्तरक्रियाका क्रममा एनआरएनए अध्यक्ष कंडेलले पछिल्लो वस्तुस्थितिका बारेमा जानकारी दिँदै जनसम्पर्क समिति अष्ट्रेलियाका सम्पूर्ण राज्य अध्यक्ष तथा प्रतिनिधिहरुले कोरोनाविरुद्धको लडाईमा एनआरएन अष्ट्रेलियालाई सहयोग पुऱ्याएकोमा धन्यवाद दिए । यस्तै एनएडिएफ अध्यक्ष सापकोटाले अप्ठेरो स्थितिमा रहेका नेपालीहरुको सहयोगका लागि एनएडिएफ सदा तत्पर रहेको बताए । पत्रकार महासंघ अध्यक्ष काफ्लेले अष्ट्रेलियामा रहेका नेपालीहरूलाई सूसुचित गर्ने, उनीहरूका समस्याहरूलाई सम्वन्धित निकायसम्म पुऱ्याउने र निष्पक्ष समाचार सम्प्रेषित गरिररहेको जानकारी दिए ।

छलफल कार्यक्रममा अष्ट्रेलियामा कोरोनाबाट पीडित र अन्य विषयवस्तु सम्बन्धी विवरण जनसम्पर्क समिति अष्ट्रेलिया कुइन्सल्याण्ड अध्यक्ष अभिमन्यु केसीले प्रस्तुत गरेका थिए। जनसम्पर्क समिति अष्ट्रेलियाका सम्पूर्ण राज्य अध्यक्षहरु विनित शर्मा, सविन वराल, अशोक सुवेदी, अर्जुन लम्साल, दिपक पराजुली तथा द्वारिका दवाडीले आ-आफ्नो राज्यको वस्तुस्थिति प्रस्तुत गरेका थिए। साउथ अष्ट्रेलियाका प्रतिनिधि रविन्द्र गौतम, रमेश जोशी, क्यानवराका प्रतिनिधि भागिरथ सापकोटा तथा पर्थका प्रतिनिधिद्वय राजेश बुढाथोकी र मदन पौडेलले पनि आ-आफ्ना धारणा प्रस्तुत गरेका थिए । अन्तरक्रियामा सहभागी अधिकांशले आगामी मे ६ तारिखमा नेपालबाट आउँदै गरेको नेपाल एयरलाइन्स चार्टर विमानमा कसरी राजदूतावास तथा नेपाल सरकारसँग संयोजन गरी अष्ट्रेलियामा रहेका नेपालीलाई नेपाल लैजान सकिन्छ भन्ने कुरामा विशेष छलफल गरेको जानकारी एनएडिडएफका संचार संयोजक हुमागाईले बताए ।

अन्तरक्रियामा जनसम्पर्क विभाग प्रमुख भट्टराईले विश्वमै आक्रामकरुपमा फैलिरहेको कोरोना भाइरसपछिको दु:खद परिस्थितिको सामना र आपतमा परेकाहरूलाई यथासक्य सहयोग गर्न नेपाली जनसम्पर्क समिति अष्ट्रेलियाका सम्पुर्ण राज्य अध्यक्षहरुलाई निर्देशन दिए । यस्तो आपतकालिन परिस्थितिमा यो वा त्यो नभनिकन सबैसँग हातेमालो गर्दै यो महामारीविरुद्ध एकजुट हुनुपर्ने भट्टराईको कथन थियो । भिडियो कन्फरेन्समा आठवटै राज्य जनसम्पर्क समिति अष्ट्रेलियाका अध्यक्षहरूको सहभागिता थियो । ने.का. जनसम्पर्क विभाग प्रमुख भट्टराईले एनआरएन अष्ट्रेलियासँग समन्वय गरेर सम्पूर्ण कार्यहरू गर्न जोड दिएका थिए ।

# सर्वोच्च अदालतमा रिट निवेदन दर्ता सुनुवाइ शुरु

**काठमाडौं/मस–** सर्वोच्च अदालतले कोरोना भाइरसको सम्भावित जोखिमबाट बच्नका लागि केही समय स्थगन गरेको नयाँ रिट निवेदन दर्ता र सुनुवाइ प्रक्रिया मंगलबारदेखि शुरु गरेको छ । सर्वोच्च अदालतका सहप्रवक्ता देवेन्द्र ढकालका अनुसार अदालतले मंगलबारदेखि नयाँ रिट निवेदन दर्ता र सुनुवाइ शुरु गरेको हो। सर्वोच्च अदालतको यही वैशाख १४ गते प्रधानन्यायाधीशसहित न्यायाधीशहरुको पूर्ण बैठकले मंगलबारदेखि रिट निवेदन दर्ता र सोको सुनुवाइ शुरु गर्ने निर्णय गरेको थियो ।




विपतमा सामाजिक दूरी कायम गरी सुरक्षाप्रति सावधानी अपनाउनुपर्ने भएकाले रिट निवेदन दर्ता र सुनुवाइको क्रममा सेवाग्राही, कानून व्यवसायी तथा कर्मचारीसमेत आवागमन र उपस्थितिमा आवश्यक नियमन, नियन्त्रण र व्यवस्थापन अदालत प्रशासनले मिलाउने तयारी गरेको छ ।

विश्वव्यापीरूपमा फैलिएको कोरोना भइरसको सम्भावित संक्रमणबाट जोगिन सर्वोच्च अदालतको गत चैत ७ गते बसेको पूर्ण बैठकले अतिआवश्यक निवदेन बन्दीप्रत्यक्षीकरण र महामारीसम्बन्धी मात्र सुनुवाइ गर्ने निर्णय गरेको थियो। गत चैत १८ गतेको पूर्ण बैठकले केही आंशिक काममा वृद्धि गरेको थियो ।

मंगलबारदेखि भने रिट निवेदन दर्ता र सुनुवाइसमेत शुरु गरेको छ। नेपाल बार एशोसिएशनले सोमबार आकस्मिक बैठक बसेर प्रेस विज्ञप्ति जारी गरी कानून व्यवसायी र सेवाग्राहीलाई आवागमनमा कठिनाइ हुने भन्दै सर्वोच्च अदालतको पूर्ण बैठकले गरेको निर्णयको विरोध गरेको थियो ।

# ‘पर्यटनलाई पुनर्जीवन दिन ठोस कार्यक्रम ल्याइन्छ’

**काठमाडौं/मस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले कोभिड-१९ का कारण पर्यटन क्षेत्रमा परेको असरलाई पुनर्जीवन दिने गरी सरकारले आगामी वर्षको नीति तथा कार्यक्रम तथा बजेटमार्फत ठोस कार्यक्रम ल्याउने बताएका छन्। ट्रेकिङ एजेन्सी एसोसिएशन अफ नेपाल (टान) र नेपाल ट्रेकिङ, संस्कृति, पुरातात्विक, कार्गो, कुरियार श्रमिक युनियन (युनिट्राभ) का तर्फबाट श्रमिकको पुनर्जीवनका लागि बुझाएको ध्यानाकर्षण पत्र बुझ्दै मन्त्री भट्टराईले पर्यटन क्षेत्रलाई माथि उकास्न सरकार र निजी क्षेत्रको संयुक्त पहल जरुरी रहेको बताए ।

व्यवसायीको लगानी र श्रमिक तथा कर्मचारीको जीवनयापन सुरक्षित गर्न र पर्यटन व्यवसायलाई ब्युँताउन सकिने उनको



भनाइ थियो। दुवै संस्थाका अध्यक्षसहितको प्रतिनिधिमण्डल पर्यटनमन्त्री भट्टराईसमक्ष ध्यानाकर्षण पत्र बुझाउन सिंहदरबार पुगेको थियो । उक्त ध्यानाकर्षण पत्रमा ब्याज मिनाहा, एक वर्षसम्म बिनाधितो दुई प्रतिशत ब्याजदरमा २० लाखसम्म कर्जा सुविधा तथा घरभाडा छुटका लागि पहल गर्नुपर्ने माग गरिएको छ । त्यस्तै पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स) अन्तर्गत मजदूर कल्याण कोषको जम्मा भएको रकम श्रमिक हितका लागि प्रयोग गर्नुपर्ने, ट्रेकिङ कम्पनीको नवीकरणको समयावधि ६ महिना थप्नुपर्ने, आउँदो बजेटमार्फत पर्यटन क्षेत्रमा विशेष छुटका योजना ल्याउनुपर्ने लगायत विषय उल्लेख गरिएका छन् ।

विगतमा पनि प्रकोप तथा विभिन्न कारण पर्यटन क्षेत्रमा उतारचढाव आउने गरेको भन्दै मन्त्री भट्टराईले जनसंख्याको ठूलो हिस्सा धानेको पर्यटन क्षेत्रलाई फेरि कसरी ब्युँताउन सकिन्छ भनेर सरकारले गृहकार्य गरिरहेको बताए ।

नेपालको पर्यटन क्षेत्रमा १५ खर्ब ९५ अर्बभन्दा बढी लगानी र आठ-नौ लाख प्रत्यक्ष रोजगारी रहेको प्रारम्भिक तथ्याङ्क रहेको उल्लेख गर्दै मन्त्री भट्टराईले भने, ‘आठ-नौ लाख जनसंख्या प्रत्यक्ष रोजगारीमा जोडिएको यो क्षेत्रबाट आश्रित जनसंख्याको हिस्सा ठूलो छ, तिनको जीवनयापनलाई सुरक्षित बनाउन सरकारले उचित कदम चाल्छ ।’

यसअघि मन्त्रिपरिषद्को बैठकबाट पनि तत्काल राहतका लागि व्यवसायीहरुले तिर्नुपर्ने ब्याजको समय सीमा बढाउने, घरभाडा छुटका लागि घरधनीसँग आग्रह गर्ने लगायतका केही घोषणा भइसकेको उल्लेख गर्दै मन्त्री भट्टराईले दीर्घकालीन राहतका प्याकेजबारे पनि आन्तरिक तयारी भइरहेको जानकारी दिए । पर्यटन क्षेत्रमा आबद्ध श्रमिकलाई उनीहरुको रुचिअनुरुप हाइड्रोपावर, सडक निर्माण, विमानस्थल निर्माण, सगरमाथा सरसफाइ, सम्पदा सरसफाइ लगायतका काममा लगाउन सकिने गरी वैकल्पिक रोजगारीबारे पनि गृहकार्य भइरहेको मन्त्री भट्टराईले बताए ।

# उद्योगमन्त्रीलाई सांसदको सुझाव

**काठमाडौं/मस–** उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले सरकारको आगामी नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने विषयका बारेमा सङ्घीय संसद्का सांसदहरुसँग छलफल थालेको छ।



मन्त्री लेखराज भट्टले मंगलबार सुदूरपश्चिम प्रदेश र प्रदेश नं ५ बाट सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने सांसदहरुसँग छलफल गरेका हुन् । सांसदहरुले सुक्खा बन्दरगाह, औद्योगिक क्षेत्र, औद्योगिक करिडोरको कामलाई प्रमुख प्राथमिकतामा राख्न, औद्योगिक ग्राम स्थापनाका गर्ने कार्यविधि लचिलो बनाउन, रुग्ण उद्योग सञ्चालन गर्ने वातावरण बनाउन मन्त्री भट्टलाई सुझाव दिएका छन् ।

स्थानीय स्तरमै खाद्यान्न खरीद गर्ने गरी समर्थन मूल्य तोक्नुपर्ने, गाउँपालिका स्तरमै खाद्य डिपो हुनुपर्ने, रासायनिक मलको आपूर्ति सहज हुनुपर्ने, स्थानीयसँग रहेको सीपलाई प्रवर्द्धन गरी प्रधानमन्त्री रोजगार कार्यक्रमसँग जोड्नुपर्ने सुझाव दिएका छन्। सुन चाँदीका गहना बनाउने, भाँडाकुँडा बनाउने उद्योग, कृषि सामग्रीको प्रशोधन गर्ने उद्योगलाई थप परिस्कृत गर्दै जाने र सरकारले त्यस्तो सीपलाई मान्यता दिनुपर्ने सुझाव सांसदहरुको छ ।

वैदेशिक रोजगारीबाट फर्कनेका लागि अहिलेदेखि नै रोजगारी दिनेतर्फ ध्यान पुऱ्याउनुपर्ने, सीप सिकेर आएकालाई उद्योग खोल्ने सुविधा दिनुपर्ने, स्थानीय तह, प्रदेश र सङ्घीय सरकारलाई क्रमश: साना, मझौला र ठूला उद्योगको जिम्मा दिनुपर्ने, जडीबुटी प्रशोधन उद्योग खोल्नेतर्फ विशेष ध्यान दिने सुझावसमेत सांसदहरुले दिएको मन्त्री भट्टका स्वकीय सचिव हितेश ओझाले जानकारी दिए ।

रासायनिक मलको प्रभावकारी आपूर्तिका साथै प्राङ्गारिक मलको प्रयोगमा ध्यान दिनुपर्ने, राष्ट्रिय गौरवका आयोजना सातवटै प्रदेशमा राखिनुपर्ने सुझाव सांसदहरुको छ । समन्यायका आधारमा पनि त्यस्तो व्यवस्था गर्नुपर्नेमा सांसदहरुको जोड रहेको मन्त्री भट्टको सचिवालयले जानकारी दिएको छ ।

मझौला र साना उद्योगलाई संरक्षण दिँदै ब्याज मिनाहा र ऋण तिर्ने तालिका सार्नुपर्ने, पुनर्कर्जाको व्यवस्था गर्नुपर्ने, अल्लो जडीबुटी जस्ता निर्यातयोग्य उद्योग तथा वस्तुको पहिचान गरी निर्यात प्रवर्द्धनमूलक उद्योग स्थापनामा ध्यान दिनुपर्ने जस्ता सुझाव सांसदहरुले दिएका छन् ।

त्यस्तै कुखुरा व्यवसायका लागि दाना उद्योगका लागि अत्यावश्यक कच्चापदार्थ उत्पादनमा ध्यान दिनुपर्ने र मूल्य निर्धारण हुनुपर्ने जस्ता सुझाव प्राप्त भएको स्वकीय सचिव ओझाले जानकारी दिए। सातवटै प्रदेशका राजधानीमा उपलब्ध सांसदहरुसँग छलफल गरी आगामी नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने योजना तय गरिएको छ । मन्त्री भट्टले कोरोनाबाट उद्योग तथा व्यवसायको क्षेत्रमा परेको प्रभावलाई न्यून गरेर जाने सोचका साथ छलफल शुरु गरिएको जानकारीसमेत सो अवसरमा गराएका थिए ।

## संकटमा....

जुटेका छन् ।

प्रचण्ड निकट नेताहरु भने सरकार बदल्ने प्रस्तावमा बाँडिएका छन् । सचिवालय सदस्य एवम् गृहमन्त्री रामबहादुर थापा सहित स्थायी कमिटीकै केही नेताहरु ओली सरकारको पक्षमा उभिएका छन् । तर, नेकपाभित्रको यो विवादले कोभिड-१९ को महामारी रोकथामको विषय ओझेलमा परेको छ भने बजेट अधिवेशन बोलाउनेबारे कुनै पहल हुन सकेको छैन । नेकपाका केही सांसदहरु भने पार्टी विभाजन हुन नदिने र नेताहरु मिलाउने तयारीमा जुटेका छन्। केन्द्रीय सदस्य एवम् सांसद विशाल भट्टराई शीर्ष नेताहरु बीच समन्वयको अभाव देखिदा विवाद बढेपनि पार्टी विभाजन हुन नदिने बताउँछन् ।

## ५४ पुग्यो...

निर्देशनपछि सशस्त्र प्रहरी बलले निगरानी बढाएको हो ।

भारतीय सीमा क्षेत्रसँग जोडिएको प्रदेश नं ५ का जिल्लामा पनि सशस्त्र प्रहरी बल परिचालन भएको सशस्त्र प्रहरी बल नेपालले जनाएको छ । यस प्रदेशमा करीब ७ हजार सशस्त्र प्रहरी बल परिचालन भएको बताउँदै सशस्त्र प्रहरी बलका प्रवक्ता सशस्त्र प्रहरी नायब महानिरीक्षक प्रवीणकुमार श्रेष्ठले सीमा क्षेत्रमा करीब ३५० जाँचचौकी स्थापना गरिएको जानकारी दिए ।

“प्रदेश ५ मा प्रदेश सरकार र स्थानीय सरकारसँगको समन्वयमा सशस्त्र प्रहरी बल बन्दाबन्दीलाई पूर्ण रुपमा कार्यान्वयनमा खटिएको छ” प्रवक्ता श्रेष्ठले भने। सीमाक्षेत्रमा अस्थायी चौकी निर्माण गरी बलले सुरक्षा दिनाका साथै नियमित मोटर पेट्रोलिङसमेत गरिरहेको छ ।

कोभिड-१९ को लडाइँमा सशस्त्र प्रहरीले सीमा क्षेत्रदेखि गाउँगाउँसम्म पुगेर जनतालाई सचेतना दिलाउँदै सरकारले दिएको निर्देशन पूर्णरुपमा कार्यान्वयन गरेको प्रदेश नम्बर ५ सीमा क्षेत्रमा रहेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ३८ गुल्म सूचना शाखाले जनाएको छ ।

प्रदेशका १२ जिल्लामध्ये ६ जिल्ला भारतीय सीमासँग जोडिएकाले यस क्षेत्रमा मानिसको आवतजावत पूर्णरुपमा रोक्ने काम पनि सशस्त्र प्रहरीले गरिरहेको ३८ गुल्मले जनाएको छ। खुला सीमाका कारण चोरी, तस्करी तथा सीमा अपराधले बढावा पाएको नेपाल भारत सीम क्षेत्रमा अहिले व्यापक रुपमा बल परिचालन भएपछि नियन्त्रण भएको छ ।

सीमा क्षेत्रमा हाल खटिएका सशस्त्र प्रहरी बललाई निरन्तरता दिनुपर्ने स्थानीवासीको माग छ । उनीहरुलाई प्राविधिक रुपमा समेत सक्षम बनाएर सधैँका लागि सीमामा खटाउनुपर्नेमा उनीहरुले जोड दिएका छन् ।

## अन्योलमा...

बोलाउन सक्रियता देखाउनुपर्छ । कोरोनाले कमजोर बनाएको अर्थतन्त्रलाई सुदृढ तुल्याउने, रोजगारीका योजना, कृषि विकासलाई लक्ष्य गरेर नीति तथा कार्यक्रम र बजेट बनाउनुपर्ने देखिन्छ ।” जनताका प्रतिनिधिले सावभौमसत्ताको पूर्ण अभ्यास गर्ने सङ्घीय संसद् प्रतिनिधिसभा र राष्ट्रियसभा गरी दुई सदनात्मक छ ।

राष्ट्रिय जनता पार्टीका मुख्य सचेतक लक्ष्मणलाल कर्णले जनताको आवाजको प्रतिनिधित्व सदनमा हुने र संसद् नभई बजेट पारित नहुने भएकाले सामाजिक दूरी कायम हुने सिटको व्यवस्थापनसहित यो महिनाभित्र संसद्को बैठक बोलाउन सरकार र संसद् सचिवालयको ध्यानाकर्षण गराए। संसद्को प्रमुख कार्य कानून निर्माण, सरकार गठन, सरकारको नीति तथा कार्यक्रममाथि छलफल र अनुमोदन, संविधान संशोधन र जनमत सङ्ग्रहसम्बन्धी निर्णय हो ।

कूल ३३४ सदस्यीय सङ्घीय संसद्मा ११२ महिला सदस्यको प्रतिनिधित्व छ । तल्लो सदन प्रतिनिधिसभा २७५ सदस्यीय छ भने माथिल्लो सदन राष्ट्रियसभा ५९ सदस्य छन् । अघिल्लो वर्ष बजेट अधिवेशन वैशाख १६ कै दिन शुरु हुनाका साथै वैशाख २० गते राष्ट्रपतिबाट दुवै सदनलाई सम्बोधन भएको थियो। राष्ट्रपतिबाट वैशाख ८ गते अधिवेशन आह्वान भएको थियो ।

## दूतावासहरू...

समयको बेतलबी बिदामा बसेका कामदारहरु र विभिन्न कारण मृत्यु भएका नेपालीको शबलाई नेपाल फर्काउने विषयमा परराष्ट्र मन्त्री ज्ञवालीको ध्यानकर्षण गराइएको गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय समिति मलेसियाका अध्यक्ष हरि भट्टराईले मध्यान्ह दैनिकलाई बताए । जवाफमा मन्त्री ज्ञवालीले विदेशमा रहेका नेपालीहरुकाबारेमा मन्त्रालायले गम्भीरताका साथ नियाली रहेको भन्दै स्थिति सहज हुनासाथ स्वदेश फर्काउने कामलाई तीव्रता दिने तर त्यतिन्जेल हाल जो जहाँ रहेको छ, सुरक्षा र धैर्यताकासाथ पर्खिनुपर्ने बताएका छन् ।

वैदेशिक रोजगारी वा अन्य कारणले विदेशमा रहेका केही नेपालीले अविभावकत्व विहिनताको अवस्था महसुस गर्नु नपरोस् भने राष्ट्रपति, प्रधानमन्त्री र आफुले नेपाली रहेका विभिन्न राष्ट्रका समकक्षीहरुलाई टेलिफोन गरी नेपालीहरुलाई आफ्ना नागरिक सरह हेरचाह गर्न आग्रह गरेको स्मरण गराउँदै परराष्ट्र मन्त्री ज्ञवालीले सोही अनुसार नै नेपालीहरुहरुले सुरक्षा र संरक्षण पाइरहेको जिकिर गरेका थिए ।

मलेसियाका अध्यक्ष भट्टराईले आफुले मलेसियामा रहेका ५ लाख बढी नेपालीहरु सुरक्षित नै रहेको जानकारी मन्त्री ज्ञवालीलाई गराएको बताउँदै त्यहाँ संक्रमण देखिएका ३ जना नेपाली मध्ये दुई जना उपचारपछि निको भएर फर्केको र एकजना अझै मलेसियाको सरकारी अस्पतालमा उपचाररत रहेको बताए । उनले मन्त्री ज्ञवालीसँगको छलफलमा नेपाली दूतावासको कार्य सम्पादनबारेमा पनि मन्त्री ज्ञवालीलाई जानकारी गराएको बताए। कोरोना भाइरसका कारण मलेसियामा मंगलबारसम्म सय जनाको मृत्यु भएको छ। मलेसियामा नेपालीहरु सबैलाई मलेसियन नागरिक सरह उपचार गरी समान उपचार व्यवहार गरिरहेको छ । मलेसियामा १२ मे सम्म आवागमन प्रतिवन्ध रहेपनि ग्लोब्स् उद्योगहरुमा कडा सुरक्षाको प्रवन्धसहित काम शुरु भएको छ ।

विश्वभर फैलिएको कोरोना भाइरस महामारीबाट मृत्यु हुने गैरआवासीय नेपालीहरुको संख्या ४९ पुगेको गैरआवासीय नेपाली संघ अन्तर्गतको स्वास्थ्य समितिले जनाएको छ । जस अनुसार बेलायतमा ३३, अमेरिकामा १०, युएईमा २, आयरल्याण्डमा १, जापानमा १, टर्किमा १ र नेदरल्याण्डमा १ जनाको ज्यान गएको छ । स्वास्थ्य समितिका संयोजक डा. सञ्जीव सापकोटाका अनुसार नेपालबाहेक विश्वभर १ हजार ९ सय ८३ जना गैरआवासीय नेपालीहरु कोरोनाबाट संक्रमित भएका छन् । यस्तै विदेशमा कोरोना संक्रमण भएका गैरआवासीय नेपालीमध्ये ४ सय ३४ जना कोरोना मुक्त भएको सो समितिले जनाएको छ ।

विश्वभर छरिएका गैरआवासीय नेपाली विज्ञ चिकित्सहरुको समूहले तयार पारेको सो आंकडा अनुसार २४ देशमा रहेका नेपालीहरु कोरोनाबाट संक्रमित छन्। विभिन्न मुलुकमा रहेका ७० जना भन्दा बढी गैरआवासीय नेपाली चिकित्सक समेतले कोरोना संक्रमित भएका देशमा गैरआवासीय नेपालीहरुलाई सहयोग गरिरहेको बताएको छ ।

## भोलि...

२५० कामदार बिदामा नेपाल आएको हुनसक्ने अनुमान गरिएको छ । कोरियामा कोभिड-१९ को महामारी बिस्तारै कम हुँदै गएपछि त्यहाँका रोजगारदाताले नेपाली कामदारलाई जतिसक्दो चाँडो फर्कन आग्रह गर्दै आएका छन् ।

विशेषगरी लकडाउन हुनुअघि दक्षिण कोरियाबाट छोटो अवधिको बिदा लिएर नेपाल पुगेका नेपाली श्रमिक समयमै फर्किन नसक्दा भिसा नै रद्द हुने हो कि भन्ने चिन्ता थपिएको थियो । आफूले काम गरिरहेको कम्पनीले छिटो फर्कन भनिरहने तर लकडाउनका कारण फर्कन नसक्दा नेपालमा रहेका नेपाली श्रमिक चिन्तित थिए ।

उनीहरुलाई नेपाल एयरलाइन्सको चार्टर्ड विमानमार्फत कोरिया फर्काउने तयारी गरिएको छ। संघ र नेपाल एयरलायन्सबीच सोमबार चार्टर्ड उडानसम्बन्धी सम्झौता भएको छ । पहिलो चरणमा अप्रिल ३० तारिखमा फ्लाइट गर्ने तयारी भइरहेको छ । जसमा भिसा सकिन लागेकालाई प्राथमिकता दिई उडाइने छ । दक्षिण कोरिया फर्कनेले टिकटबापत रु एक लाख १३ हजार ७७५ बुधबार अपराह्न २ बजेभित्र बुझाउन संघले आग्रह गरेको छ। कोरिया फर्केपछि अनिवार्यरूपमा १४ दिनसम्म सेल्फ क्वारेन्टाइनमा बस्नुपर्नेछ ।


**Province Government**
**Ministry of Physical Infrastructure Development**
**Infrastructure Development Directorate**
**Karnali Province, Surkhet**

**Letter of Intent**

Date of Publication: 2077/01/17(29thApril, 2020)

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders, successful in bid under PPMO's E-Procurement portal, IFB No: 04-2076/077 published in Nagarik National Daily Newspaper on 2076/10/05 that the "Letter of Intent" has been issued in favour of following bidders who are selected on financial bid having substantially responsive lowest evaluated bid price.

| S. N. | Contract ID No. | Name Of Project and Address | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1 | IDD/SKT/W/NCB/39/076-077 | Construction of Ranighat Telpani Bhurigaun Road, Surkhet | M/S Thodung-Jagriti J/V, New Baneshwor, Kathmandu. | 13,02,68,818.53 |

**Director**

# एउटा मात्र टी २० खेल्ने तीन चर्चित क्रिकेटर




**काठमाडौं, एजेन्सी**-सन् २००४ बाट सुरु भएको छोटो फरम्याटको टी २० क्रिकेट प्रतियोगितामा धेरै खेलाडीले आफ्नो क्षमता देखाइसकेका छन् । टी २० सुरु भएपछि एकदिवसीय क्रिकेट पनि छाँयामा परेको पनि बताइन्छ । टी २० क्रिकेटको करिव १६ बर्षमा केही यस्ता दिग्गज खेलाडी छन्, जसले एउटामात्र खेल खेलेका छन् ।

## ■ सचिन तेन्दुलकर (भारत)

मास्टर ब्लास्टर सचिन तेन्दुलकर क्रिकेटका भगवान भनेर मानिन्छन् । उनी टेष्ट र एकदिवसीय क्रिकेटमा धेरै रन बनाउने कीर्तिमानी खेलाडी हुन् । उनको नाममा एक सय सतक बनाउने रेकर्ड पनि रहेको छ । तर टी २० मा भने उनले एक खेलमात्र खेल्न पाएका छन् । उनी भारतले खेलेको पहिलो टी २० मा टिममा परेका थिए । भारतले दक्षिण अफ्रिकाविरुद्ध २००६ मा पहिलो टी २० खेल खेलेको थियो । सो खेलमा सचिनले ओपनिङ गरेका थिए । विरेन्द्र सहवागको कप्तानीमा उत्रिएको टिमका लागि सचिनले १० रन बनाएका थिए । सो खेलमा भारत विजयी भएको थियो । सचिनले टिमबाट त्यहि एकमात्र टी २० खेलेका थिए । उनले सन् २००७ को टी २० विश्वकप नखेल्ने निर्णय गरेका थिए ।

## ■ राहुल द्रविड (भारत)

भारतीय क्रिकेट टिमका 'द वाल' भनेर चिनिने राहुल द्रविडले पनि करियरमा एउटा मात्रै टी २० खेले । द्रविडले टेष्टमा १३ हजार भन्दा बढि र एकदिवसियमा १० हजार भन्दा बढि रन बनाएका छन । एकदिवसीय र टेष्टमा १० हजार भन्दा बढि रन बनाउने द्रविड सातौ खेलाडी हुन् ।

सचिन जस्तै उनले पनि टी २० मा एक खेलमात्र खेले । सन् २०११ मा इंग्ल्याण्डविरुद्ध उनले एक टी २० खेलेका थिए । सो बेला टेष्ट सिरीजमा तीन सतक बनाएका द्रविडको फर्मलाई देखेर उनी टिममा परेका थिए । उनले सो पारीमा २१ बलमा ३१ रन बनाएका थिए । तर भारत सो खेलमा पराजित भएको थियो । त्यो खेलपछि नै द्रविडले टी २० नखेल्ने बताएका थिए ।

## ■ इन्जमाम उल हक (पाकिस्तान)

पाकिस्तानी क्रिकेट टिमका पूर्व कप्तान इन्जमाम उल हक आफ्नो देशका लागि धेरै रन बनाउने खेलाडी हुन् । उनले टेष्ट र एकदिवसियमा गरेर आफूलाई पाकिस्तानको उत्कृष्ट खेलाडीको दर्जामा राखेका छन् । तर टी २० मा भने उनले एक खेल मात्र खेलेका छन् ।

सन् २००६ मा इंग्ल्याण्डविरुद्धको खेलमा उनले पाकिस्तानको कप्तानी गरेका थिए । सो खेलमा इंग्ल्याण्डले दिएको एक सय ४५ रनको लक्ष्य पक्ष्याउँदा हकले ११ रन बनाएका थिए । त्यसपछि उनले अर्को खेल खेलेनन् । उनले सन् २००७ मा क्रिकेटबाटै सन्यास लिएका थिए ।

# बंगलादेशमा गार्मेन्ट कारखानामा काम शुरु



**ढाका, एजेन्सी**-कोरोनाभाइरसका कारण देशव्यापी लकडाउन गरिए पनि बंगलादेशमा तयारी पोशाक (गार्मेन्ट) उद्योगका हजारौं मजदूर काममा फर्किएका छन् । बंगलादेशमा कोरोनाभाइरसको संक्रमण बढ्दै गए पनि मजदूरहरु काममा फर्किएका कारण थप चिन्ता उत्पन्न भएको छ ।

राजधानी ढाका र चटगाउँका कारखानाहरु खोल्न सरकारले अनुमति दिएसँगै सोमबारदेखि कारखानामा काम हुन थालेको हो । बंगलादेशमा गत मार्चको अन्त्यदेखि गार्मेन्ट कारखानाहरु बन्द भएका थिए तर निर्यातको बाँकी अर्डर पूरा गर्न कारखाना खोल्नुपर्ने माग सर्वत्र गरिएको थियो ।

बंगलादेशमा कोरानाभाइरसको संक्रमण बढेसँगै आगामी मे महिनाको ५ तारिखसम्म लकडाउन घोषणा गरिएको छ । सोमबारसम्ममा ढाका र अन्यत्रका कम्तीमा एक हजार कारखाना खोल्ने योजना थियो । साथै तटीय बन्दरगाह शहर चटगाउँका कारखाना पनि खोलिने छन् ।

बंगलादेशको कूल निर्यातको करिब ८० प्रतिशत हिस्सा तयारी पोशाकले ओगटेको छ । तर कोरोनाभाइरसका कारण तयारी पोशाकको माग घटेको वा रद्द गरिएका कारण बंगलादेशले यस आर्थिक वर्ष करिब ६ अर्ब डलरको नोक्सानी व्यहोर्नु पर्ने अवस्था सिर्जना भएको छ ।

गार्मेन्ट कारखानाका मजदूर मोफज्जल होसेनले कारखानामा तत्काल फर्कन आफू बाध्य भएको बताए । उनले मासिक करिब १ सय १५ अमेरिकी डलर कमाउँछन् ।

श्रम अधिकारवादीहरुले मजदूरहरुका कारण कोविड-१९ को महामारी बंगलादेशमा अरु फैलन सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् । बंगलादेशका गार्मेन्ट कारखानामा ४० लाखभन्दा बढीले काम गर्दछन् । बंगलादेशबाट विश्वका चर्चित एचएन्डएम, इन्डिटेक्स र वाल्मार्ट जस्ता कम्पनीहरुका लागि गत वर्ष ३५ अर्ब डलरभन्दा बढीको तयारी पोशाक निर्यात भएको थियो ।

बंगलादेश तयारी पोशाक उत्पादक तथा निर्यात संघका उपाध्यक्ष मोहम्मद हातिमले कोरोनाभाइरसलाई जीवनको एक हिस्साका रुपमा स्वीकार्नुको विकल्प छैन भन्दै कारखाना तत्काल नखोलिए बंगलादेशमा आर्थिक संकट आउने बताए । गत महिना, सरकारले निर्यातमुखी क्षेत्रका मजदूरको तलब भुक्तानीका लागि ५८ करोड ८० लाख अमेरिकी डलर बराबरको राहत प्याकेज घोषणा गरेको थियो, तर गार्मेन्ट उद्योगीहरुले सरकारी प्याकेज अपर्याप्त रहेको गुनासो गरेका थिए ।

आइतबार, ढाकाका सडकमा लकडाउनकै बीच सामाजिक दूरीको समेत बेवास्ता गर्दै सयौं गार्मेन्ट मजदूरले प्रदर्शन गरेका थिए । उनीहरुले कामबाट बिमुख भएका दिनको समेत ज्याला पाउनु पर्ने माग राखेका थिए । उनीहरुले आफ्नो माग पूरा नगरिए लकडाउनको उल्लंघनलाई जारी राख्ने बताएका छन् ।

बंगलादेश सरकारले धार्मिक भेला र प्रदर्शनमा रोक लगाउन सेनालाई पनि सडकमा उतार्नु परेको थियो ।

# पोखरा स्पोर्ट्स अवार्ड स्थगित



फाइल फोटो

**पोखरा, रासस**- नेपाल खेलकूद पत्रकार मञ्च गण्डकीको आयोजनामा यही वैशाख २१ गते विश्व प्रेस स्वतन्त्रता दिवसका दिन तय भएको पाँचौं संस्करणको 'पोखरा स्पोर्ट्स अवार्ड' स्थगन गरिएको छ ।

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरसको सङ्क्रमण न्यूनीकरणका लागि देशव्यापी आह्वान गरिएको लकडाउनका कारणले अवार्ड वितरण कार्यक्रम स्थगन गरिएको मञ्चले एक विज्ञप्ति प्रकाशित गरी जनाएको छ । 'वैशाख २१ (विश्व प्रेस स्वतन्त्रता दिवस) दिन पारेर मञ्चले पोखरा सभागृहमा गर्ने गरी पूर्वघोषणा गरिएको पाँचौं संस्करणको पोखरा स्पोर्ट्स अवार्ड अर्को मिति घोषणा नहुँदासम्मका लागि स्थगन गरिएको छ', मञ्चका अध्यक्ष एकराज गिरीद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

मानव सभ्यता नै अप्ठ्यारोमा पार्ने गरी फैलिएको कोराना भाइरसले विश्व नै प्रभावित भइरहेको अवस्थामा मञ्चले अवस्था सामान्य नभएसम्मका लागि अवार्ड स्थगन गरे पनि आन्तरिक तयारी भने निरन्तर जारी राख्ने जनाइएको छ ।

मञ्च अध्यक्ष गिरीको मूल संयोजकत्वमा विभिन्न ११ उपसमितिसमेत गठन गरी कार्यक्रमको तयारी शुरु भए पनि कोभिड-१९ प्रभावसँगै लकडाउनले परिस्थिति प्रतिकूल हुन गएकाले अवार्ड वितरण कार्यक्रम स्थगन गरिएको खेलप्रेमी, सङ्घसंस्था, खेलाडी, प्रशिक्षक, पत्रकार एवं शुभचिन्तकहरुमा अनुरोध गरिएको छ ।

मञ्चले स्पोर्ट्स अवार्डमा खेलकूद विकासमा योगदान दिने अग्रजलाई लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष र महिला, चर्चित खेलाडी, उदीयमान खेलाडी, प्रशिक्षक, खेल सङ्घ र खेल पत्रकार अवार्ड गरी आठ विधामा अवार्ड वितरण गर्ने गर्दछ । वर्ष उत्कृष्ट खेलाडी पुरुष र महिलालाई एक/एक थान मोटरसाइकल र स्कुटरबाट पुरस्कृत गर्ने गरिएको छ ।

# दुई सय स्वास्थ्यकर्मीमा कोरोना संक्रमण



**नयाँ दिल्ली, एजेन्सी**- भारतको राजधानी नयाँ दिल्लीमा मात्र कोविड १९ का कम्तीमा पनि २०० जना चिकित्सकसहितका स्वास्थ्यकर्मी संक्रमित भएका बताइएको छ । दिल्ली राज्यका स्वास्थ्यमन्त्री सत्येन्द्र जैनले सो कुराको जानकारी दिएका हुन् । उनले नयाँ दिल्लीमा मात्र २०० जना स्वास्थ्यकर्मी कोविड १९को संक्रमण भएका बताए । उनले दिल्लीमा मात्र कोविडका बिरामीको संख्या ३ हजार नाघेको जानकारी दिए । उनले यहाँ ३ हजार १०८ जनामा यो संक्रमण देखिएको जानकारी दिए । उनले मंगलबार भने-'यहाँ सरकारी तथा निजी अस्पताल सबैमा गरेर २०० जना स्वास्थ्यकर्मी कोविड १९ को विरामी परेका छन् ।' यहाँका अस्पतालहरुमा दिन प्रतिदिन संक्रमित हुने स्वास्थ्यकर्मीहरुको संख्या बढ्ने गरेको पनि बताए ।

उनले दिएको जानकरीअनुसार कोविड १९को उपचाराका लागि तोकिएका अस्पतालमा भन्दा बाहिरको अस्पतालका स्वास्थ्यकर्मीहरुमा यो संक्रमण देखिएको छ । दिल्लीको बाबु जग्जीवन राम मेमोरियल अस्पतालबाट मात्र ६० जना स्वास्थ्यकर्मीमा यो संक्रमण देखिएको बताइएको छ ।

मन्त्रीका अनुसार उहाँले दिल्लीमा ८ सय ७७ जना कोरोनाका विरामी निको भएका छन् । हाल त्यहाँ २ हजार १७७ संक्रमित उपचाररत छन् ।

दिल्लीमा अहिलेसम्म ५४ जनाको ज्यान गएको छ ।

मन्त्रीलाई सम्वाददाताहरुले सोधेको लकडाउन अझ कहिलेसम्म हुन्छ भनी सोधेको प्रश्नमा भने- अझ ७ दिन त बाँकी नै छ, त्यतिन्जेल हेरौं यो संक्रमणको फैलावटको अवस्था कस्तो हुन्छ त्यसैको आधारमा हामी आगामी दिनको बारेमा निर्णय गर्नेछौं ।

हाल त्यहाँ जारी रहेको लकडाउन आगामी मे ३ सम्मका लागि रहने छ । त्यसपछि के गर्ने भन्ने बारेमाा कुनै पनि राज्य तथा केन्द्र सरकारले पनि कुनै निर्णय गरिसकेका छैनन् ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सोमबार मात्र पनि भारतका मुख्यमन्त्रीहरुसँग यस विषयमा भिडियो कन्फ्रेन्स बैठक गरेका थिए ।

# असान्जको सुनुवाई नोभेम्बरसम्म स्थगित




**लन्डन, एजेन्सी**- विकिलिक्सका संस्थापक जुलियन असान्जलाई संयुक्तराज्य अमेरिका सुपुर्दगी गर्ने या नगर्ने भन्ने सुनुवाई आगामी नोभेम्बरसम्म स्थगित गरिएको छ । असान्जका वकीलहरुले कोरोनाभाइरस महामारीका बीच सुनुवाईको कार्य अघि बढाउनु 'स्वास्थ्यका कारण खतरा' रहेको दाबी गरेका थिए ।

असान्जलाई स्वीडेन वा संयुक्तराज्य अमेरिकामा सुपुर्दगी गर्ने वा नगर्ने विषयमा आगामी मे १८ मा सुनुवाई आरम्भ गर्ने योजना थियो । स्वीडेनमा असान्जमाथि यौन दुर्व्यवहारको एउटा मुद्दा विचाराधीन छ भने संयुक्तराज्य अमेरिकाले असान्जमाथि जासुसीको आरोप लगाएको छ । अमेरिकामा असान्ज दोषी ठहरिए १७५ वर्षको जेलसजाय हुनेछ ।

सुनुवाईको मिति घोषणा गर्दै बेलायतका न्यायाधीश भानिसा बाराइजरले छिटोमा आगामी नोभेम्बर २ देखि मात्र असान्जमाथिको मुद्दाको सुनुवाई हुने बताए । यो सुनुवाई करिब तीन साताको हुनेछ । असान्जलाई गत वर्ष अप्रिलमा लन्डनस्थित इक्वेडरको राजदूतावासबाट लन्डन प्रहरीले गिरफ्तार गरेको थियो । अमेरिकाले गिरफ्तार गर्ने र आफ्नो ज्यानको सुरक्षा नभएको भन्दै असान्जले उक्त दूतावासमा झण्डै ८ वर्षदेखि आश्रय लिनु भएको थियो । यद्यपी विकिलिक्सका संस्थापक असान्जले अमेरिका विरुद्ध जासुसीको आरोप खण्डन गर्दै आएका छन् ।

# भारतले चीनबाट पाँच लाख टेस्ट किट नल्याउने




**नयाँदिल्ली, एजेन्सी**- भारतले चीनसँग मगाएका पाँच लाख टेस्ट्रि किट नल्याउने बताएको छ । टेस्टिङ किटमा समस्या देखिएको भन्दै भारतले अर्डर रद्द गरेको हो ।

भारतको केन्द्र सरकारले राज्य सरकारलाई पठाएका टेस्टिङ किट समेत फिर्ता मगाएको छ । यी किटबाट संक्रमितको रगतको एन्डीबडी पत्ता लगाइन्छ ।

र्‍यापिड टेस्टिङ किटबाट रिपोर्ट आउन ३० मिनेट लाग्छ । यसबाट कुनै खास इलाकामा संक्रमण पत्ता लगाउन सहयोग पुग्छ । र्‍यापिड टेस्टिङ किटबाट कोरोना भाइरसको परीक्षण हुन नसक्ने भन्दै केही वैज्ञानिकले यसको प्रयोगमा प्रश्न उठाउँदै आएका छन् ।

चीनले भने भारतको दाबी खारेज गरिदिएको छ । चिनियाँ दुतावासका प्रवक्ता जे रोङले भनेका छन्, 'चीनबाट निर्यात गरिने चिकित्सा उत्पादनको गुणस्तरमा ध्यान दिइएको छ । केही व्यक्तिले चिनियाँ उत्पादनलाई दोषपूर्ण बताउनु अनुचित र पूर्वाग्रहपूर्वक हेर्ने गैरजिम्मेवार दृष्टिकोण हो ।'

भारतका केही राज्यले र्‍यापिङ टेस्टिङ किटको प्रयोगपछि परिणामको विश्वसनियता पाँच प्रतिशत मात्रै रहेको भन्दै प्रश्न उठाएका थिए ।

राज्यले यी परीक्षण किटमा पहिले देखि नै कोरोना संक्रमित गरिएकामा पनि नेगेटिभ रिपोर्ट देखाएको थियो । यसपछि इन्डियन काउन्सिल अफ मेडिकल रिसर्च (आईसीएमआर) को क्वालिटी चेकमा परीक्षण किट फेल भएको थियो ।

# किमबारे मलाई मात्र थाहा छ : ट्रम्प

**न्युयोर्क, एजेन्सी**-अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाली नेताको अवस्थाबारे आफूलाई जानकारी रहेको बताएका छन् । उनले किम शल्यक्रियापछि स्वास्थ्यलाभ गरिहेको भन्दै उनले पूर्ण रूपमा ठीक हुने आशा व्यक्त गरेका छन् ।

किमको स्वास्थ्य अवस्थालाई लिएर विभिन्न टिकाटिप्पणी भइरहेका बेला ट्रम्पले आफू उनको अवस्थाबारे जानकार रहेको बताएका हुन् । यसअघि दक्षिण कोरियाका राष्ट्रपति मुन जाए इनका सुरक्षा सल्लाहकारले पनि किमको अवस्था राम्रो रहेको जानकारी गराएका थिए ।

ह्वाइट हाउसमा आयोजित पत्रकार सम्मेलनका क्रममा उनलाई किमको स्वास्थ्य अवस्थाबारे के जानकारी छ भनेर प्रश्न सोधिएको थियो ।

जवाफमा उनले भने, 'हो, मलाई किमको स्वास्थ्य अवस्थाबारे राम्रा जानकारी छ । तर, यसबारेमा म अहिले भन्न सक्दिनँ । म केवल उहाँको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।' उनले सञ्चारमाध्यमले अब किमको भविष्यलाई लिएर कुनै पनि भविष्यवाणी नगर्ने पनि विश्वास व्यक्त गरे ।

१५ अप्रिलमा हजुरबुबा तथा उत्तर कोरियाका संस्थापक नेता किम इल सुङको जन्मोत्सवमा सहभागी नभएपछि उनको स्वास्थ्यबारे अट्कलबाजी सुरु भएका थिए । उनी ११ अप्रिलदेखि सार्वजनिक कार्यक्रममा उपस्थित भएका छैनन् ।

**घरपझोङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जोमसोम, मुस्ताङ**
**गण्डकी प्रदेश, नेपाल**

## ठेक्काको म्याद थप सम्बन्धमा

(प्रथम पटक प्रकाशित मिति : २०७७।०१।१६)

यस कार्यालयको मिति २०७६/१२/१२ को सूचना बमोजिम स्थगत गरिएका ठेक्काहरु मध्ये तपसिलमा उल्लेखित ठेक्काहरुको ठेक्का प्रकृया तपसिलका मितिबाट अघि बढाइने भएकोले सरोकारवाला सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | वोल पत्र खरिद मिति र समय | वोलपत्र दर्ता मिति र समय | कैफियत |
|---|---|---|---|---|---|
| 1 | GRMJ/NCB/W/13/076/77 | Construction of Basic Health care Centre Building (type 2), Gharapjhong -1, Mustang | 2077/01/28 17:00 hrs | 2077/01/29 12:00 Hrs.(bid) 13:00 hrs. (open) | |
| 2 | GRMJ/NCB/W/14/076/77 | Construction of Basic Health care Centre Building (type 2 ), Gharapjhong -3, Mustang | 2077/01/28 17:00 hrs | 2077/01/29 12:00 Hrs.(bid) 13:00 hrs. (open) | |
| 3 | GRMJ/NCB/W/15/076/77 | Construction of Underground Electrification work at Marpha Village, Gharapjhong -2 | 2077/01/28 17:00 hrs | 2077/01/29 12:00 Hrs.(bid) 13:00 hrs. (open) | |

प्रमुख प्रशासकीय अधिकृत

जस्तो सीप उस्तै रोजगार
मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np
Oxford International
नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।
Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

## धितोपत्र बोर्डका अध्यक्ष ढुङ्गानाको दावी

# अनलाइन कारोबार प्रणालीलाई पूर्ण स्वचालित बनाउन काम शुरू भइसक्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ बैशाख

नेपालमा लागू गरिएको अनलाईन कारोबार प्रणाली पूर्ण भनाई हाफ मात्र भएकाले यसलाई पूर्ण स्वचालित बनाउने काम सुरु गरिएको नेपाल धितोपत्र बोर्डका अध्यक्ष भिष्मराज ढुङ्गानाले बताए। मंगलबार कोरोना प्रभाव शेयर बजार सम्बन्धमा नेपाल आर्थिक पत्रकार संघ (नाफिज) ले गरेको भर्चुअल अन्तरक्रिया कार्यक्रममा बोल्दै अध्यक्ष भिष्म ढुङ्गानाले लकडाउन खुलेको दुई देखि तीन महिनाभित्र पूर्ण स्वचालित अनलाईन कारोबार लागू गरिने प्रतिवद्धता व्यक्त गरे।

यसका लागि नेप्से र बोर्डनै लागिपरेको उनले बताए। सरकारले लागू गरेको लकडाउनका बिच बजार खोल्ने वातावरण मिलाउन बजार सम्बद्ध निकायहरुमा चार सय भन्दा बढी व्यक्ति उपस्थित हुनुपर्ने र यसले लकडाउनको प्रभावकारितालाई असर गर्ने हुदाँ बजार खोल्न नसकिएको उनले प्रष्ट पारे। तर, वैशाख २५ पछि लकडाउन जारी भई खुकुलो भएको अवस्थामा हामी थोरै समयको कारोबार गर्ने पक्षमा छौ। यसका लागि कुन मोडालिटिमा कारोबार सुचारु गर्ने हो भन्ने विषयमा तयारी अवस्थामा रहन नेप्सेलाई निर्देशन समेत दिएको उनले बताएका छन्।



यस्तै नेपाल स्टक एक्सचेञ्ज (नेप्से) का प्रमुख कार्यकारी अधिकृत चन्द्र सिंह साउदले वैशाख २५ पछि शेयर बजार खोल्ने पक्षमा रहेको बताएका छन्। भर्चुअल अन्तरक्रिया कार्यक्रममा साउदले लकडाउनको अवधिमा पनि बजार कसरी सुचारु गर्ने भन्ने विषयमा छलफल गरिरहेका जानकारी दिँदै अब वैशाख २५ पछि बजार खोल्नुपर्ने पक्षमा रही अघि बढेको बताए। नेपालको सन्दर्भमा शेयर बजार सञ्चालनका लागि विजनेश कन्टिन्यूटीको प्लान, डिजास्टर रिकभरीको प्लान र आइटी पोलिसी आवश्यक रहेको उल्लेख गर्दै प्रमुख कार्यकारी अधिकृत साउदले आईटी पोलिसी सञ्चालक समितिबाट पास गरेर नेपाल धितोपत्र बोर्डमा पेश गरेका जानकारी समेत दिए। नेप्सेको अनलाईन कारोबार प्रणाली आफैमा पूर्ण भएको बताउँदै उनले लगानीकर्ताहरुनै यसप्रति आकर्षित नभएकोमा दुख व्यक्त गरे। बजारमा उल्लेख्य कारोबार भएको दिन ४५ प्रतिशत भन्दा बढी कारोबार अनलाईन मार्फत भएको जानकारी गराउँदै उनले यस प्रणालीको थप विकास र विस्तारमा नेप्से निरन्तर लागेको बताए।

साथै कोरोना संक्रमण रोकथाम भई जनजीवन सामान्य अवस्थामा फर्कन अझै अन्योल रहेकाले शेयर बजार सामान्य रुपमा भए पनि खोल्नुपर्ने तर्क नेपाल इन्भेष्टर्स फोरमका पूर्व अध्यक्ष अम्बिका प्रसाद पौडेलले बताए। पौडेलले हाललाई समय घटाएर सर्किट ब्रेकरको सीमा घटाएर कारोबार अघि बढाउन सुझाव दिएका हुन। वैशाख २५ गतेसम्म शेयर बजार बन्द गर्ने निर्णय भएसँगै नेपालको शेयर बजार एकै पटक ४५ दिन बन्द हुन्छ। यसले नेपालको र अन्तराष्ट्रिय स्तरबाट लगानी गर्ने लगानीकर्तामा समेत बजारप्रतिको नकारात्मक सन्देश जाने उनले प्रष्ट पारे। धितोपत्र बजारमा गैरआवासिय नेपालीहरुको लगानी भित्र्याउने योजना नियामक निकायले अघि सारिरहदा अहिलेको बजार बन्दले ती वर्गमा नकारात्मक सन्देश जाने सम्भावना रहेको समेत उनको भनाई छ। अहिलेको अवस्थामा कारोबारको समय घटाएर ५० ब्रोकर कम्पनीहरुमध्य पालो गरेर खोल्ने वातावरण मिलाउन समेत उनले बजार नियामक निकायलाई आग्रह गरेका छन्।

## कोभिड–१९ : राहत प्याकेज ल्याउन चेम्बरको २० बुँदे माग



**काठमाडौं/मस**–निजी क्षेत्रले विश्वव्यापी महामारीको रुप लिएको कोभिड-१९ बाट अर्थ व्यवस्था प्रत्यक्ष प्रभावित भएको भन्दै सुधारका लागि चरणबद्ध राहतका कार्यक्रम ल्याउन सरकारसँग आग्रह गरेको छ। कोभिड-१९ बाट उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा परेको प्रभाव न्यूनीकरण सम्बन्धमा सरकारलाई २९ बुँदे सुझाव दिँदै नेपाल चेम्बर अफ कमर्शले अर्थतन्त्रको कूल आकारको पाँच प्रतिशतसम्मको राहत प्याकेज ल्याउन आग्रह गरेको हो।

चेम्बरका अध्यक्ष राजेशकाजी श्रेष्ठले आज उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टलाई २ ९ बुँदे सुझाव दिँदै लकडाउनसँगै सबैभन्दा बढी असर परेका क्षेत्र तथा सबैस्तरका उद्योगलाई तत्कालै अल्पकालीन राहत प्याकेजमार्फत पुरानै अवस्थामा फर्काउन आग्रह गरे। उद्योग क्षेत्रलाई विशेष प्याकेजको व्यवस्था गर्न आग्रह गर्दै चेम्बरले कोरोनाबाट प्रभावित सम्पूर्ण निजी क्षेत्रलाई कर, जरिवाना तथा व्याजमा विशेष छुट दिनसमेत माग गरेको छ। औद्योगिक तथा व्यावसायिक लागत घटाउन सङ्घीय सरकारको कर नीति, विद्युत् महशुल तथा प्रदेश र स्थानीय सरकारका विभिन्न शीर्षकका करलगायतमा पुनरावलोकन हुनु आवश्यक रहेको चेम्बरको भनाइ छ।

नेपाल राष्ट्र बैंकमार्फत बैंक तथा वित्तीय संस्थाबाट विभिन्न शीर्षकमा कर्जा स्वीकृत गरी ऋण लिइ लामो समयका लागि सोही बैंकबाट कर्जा दिने व्यवस्था तत्काल लागू गर्नुपर्नेमा जोड दिँदै चेम्बरले कोरोनाबाट प्रभावित क्षेत्रको अवस्थाका आधारमा लघु, साना, मझौला तथा ठूला उद्योगहरू लगायत अन्य व्यवसायहरूलाई समेत लामो समयको लागि कर्जा पाउनु पर्ने व्यवस्था गर्न सुझाव दिएको छ।

यसैगरी चेम्बरले मालवस्तुको उत्पादनमा ह्रास तथा ढुवानी लागत अत्यधिक बढेकोले समग्रमा मालवस्तुको मूल्यवृद्धि देखिएको भन्दै लागतका आधारमा मूल्य निर्धारण गर्न सरकारसँग आग्रह गरेको छ। लकडाउनका कारण श्रमिक गाउँ फर्केको र शहरी श्रमिकसमेत घरबाहिर निस्किन नसक्ने अवस्था रहेकाले मागअनुसार उपभोग्य वस्तुको आपूर्ति गर्न नसकिएको उल्लेख गर्दै चेम्बरले मजदुर व्यवस्थापनका लागि सरकारले सार्वजनिक अपिल गर्ने वा व्यवसायीमार्फत सहज रूपमा पासको व्यवस्था गर्न पनि सरकारको ध्यानाकर्षण गराएको छ।

आपूर्ति व्यवस्थामा आउन सक्ने सम्भावित जोखिमलाई दृष्टिगत गर्दै खेतीयोग्य जमिन बाँझो राख्न नदिने र कृषिजन्य उद्योगलाइ प्राथमिकता प्रदान तथा सार्वजनिक बितरण प्रणाली सुदृढ बनाई न्यून आय भएका व्यक्तिलाइ राशन कार्डमार्फत उपभोग्य वस्तु उपलब्ध गर्नुपर्ने चेम्बरले जोड दिएको छ।

चेम्बरले दिएको सुझाव ग्रहण गर्दै मन्त्री भट्टले उद्योग व्यवसायमा आएको समस्यलाई समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताए।

## प्रदेशका सबै जिल्लामा विकास निर्माण

**हेटौंडा/मस**-वाग्मती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रामेश्वर फुँयालले प्रदेशका १३ वटै जिल्लामा प्रदेश सरकारअन्तर्गत विकास निर्माणका काम धमाधम सञ्चालन भइरहेको बताएका छन्। त्रिभुवन राजपथको वैकल्पिक मार्गको रूपमा प्रदेश सरकारले निर्माण गर्दै गरेको सडक खण्डको अनुगमनका क्रममा बोल्दै मन्त्री फुँयालले मन्त्रालयले लकडाउनलाई अवरोधरहित विकास निर्माणका अवसरका रूपमा प्रयोग गरिरहेको बताए।

लकडाउनका कारण युद्धस्तरमा काम गर्न नपाए पनि सामाजिक दूरी कायम गर्दै कामलाई निरन्तरता दिइएको मन्त्री फुँयालको भनाइ छ। वर्षायाम शुरु भएसँगै बाढी आउन सक्ने र धेरै काम भइसकेका योजनामा क्षति पुग्न सक्ने भएकाले सडक, ड्याम, पुल, पुलेसालगायत आयोजनाको निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाइने उनले बताए।

निर्माणाधीन आयोजनाको प्राविधिकसहित टोलीले निरन्तर अनुगमन र निरीक्षण भइरहेको बताउँदै मन्त्री फुँयालले आफूसमेत बरम्बार अनुगमनमा निस्कने गरेको उल्लेख गरे। कतिपय आयोजनाको निरीक्षण



र अनुगमनमा मुख्यमन्त्रीसमेत जानुभएको उनले जानकारी दिए। उनले लकडाउनका कारण बाहिरबाट आएका अधिकांश श्रमिक घर गएको भए पनि स्थानीय श्रमिकले अवसर पाएको बताए।

सो अवसरमा मन्त्रालयका यातायात पूर्वाधार निर्देशनालयका प्रमुख सहदेव भण्डारीले लकडाउनले विकास निर्माणका काममा समस्या पारे पनि आयोजनाको कामलाई निरन्तरता दिइएको बताए। सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरेर आवश्यक सामग्रीको आपूर्ति गर्नुका साथै अन्य जटिलता चिरेर काम भइरहेको उनले जानकारी दिए। त्यस्तै पूर्वाधार विकास कार्यालय चितवनका प्रमुख पुष्कर पोखरेलले हेटौँडाको राप्ती तटमा निर्माणधीन सडक तथा ड्यामको 'लञ्चिङ' को काम बर्खाअघि कुनै पनि हालतमा सक्नुपर्ने भएकाले काम सञ्चालन गरिएको बताए।

यसैबीच वाग्मती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कैलाशप्रसाद ढुङ्गेलले सरकार तथा प्रधानमन्त्री केपी शर्मा ओलीलाई कमजोर बनाउन प्रतिपक्षसँगै पार्टीकै जिम्मेवार नेताहरू लागेको आरोप लगाउनुभएको छ। आज रासससँग कुरा गर्दै नेकपाका केन्द्रीय सदस्यसमेत रहनुभएका मन्त्री ढुङ्गेलले कसैले चाहँदैमा प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा नआउने बताए।

"देशमा स्थिरता नचाहने केही व्यक्ति तथा समूहले के-के गर्दा सरकारलाई कमजोर बनाउन सकिन्छ, के-के गर्दा प्रधानमन्त्रीको कद होचो देखाउन सकिन्छ, त्यहीँ-त्यही गरिरहेका छन् तर सम्पूर्ण नेपाली जनताको आशा र भरोसाका केन्द्र ओलीको कद झन्-झन् उच्च हुँदैछ", उनले भने।

मन्त्री ढुङ्गेलले यो सरकारको पालामा जस्तो विकास कसैको पालामा पनि नभएको भन्दै भए देखाउन चुनौती दिए। नेकपा युवा नेताहरूलाई अपहरणकारीको आरोप लगाएको प्रति असन्तुष्टि जनाउँदै मन्त्री ढुङ्गेलले पूर्वमन्त्री डा सुरेन्द्र यादवलाई अपहरण गरिएको भनेर राजनीतिक मसला बनाउन खोजिएको बताए।

## युरोपेली सङ्घद्वारा करिब १० अर्ब सहयोग

**काठमाडौं/मस**- युरोपेली सङ्घले नेपाल सरकारलाई रु नौ अर्ब ८० करोड उपलब्ध गराउने भएको छ। कोभिड-१९ को महामारीविरुद्ध जुध्न तथा त्यसको प्रभाव घटाउन सङ्घले नेपाललाई उक्त रकम प्रदान गर्न लागेको हो।

युरोपेली सङ्घ प्रतिनिधिमण्डलका अनुसार कोभिड-१९ को महामारीलाई परास्त गर्न आवश्यक पर्ने स्वास्थ्य सामग्री, उपकरण तथा आर्थिक पुनरुत्थानमा सदस्य राष्ट्रलाई सघाउन २० अर्बभन्दा बढी युरोको 'टिम युरोप प्याकेज' स्थापना गरिएको छ।

सङ्घले यही वैशाख २२ गते कोभिड-१९ विरुद्धको खोप विकास गर्न विश्वव्यापीरूपमा आर्थिक सहयोग जुटाउने उद्देश्यले 'अनलाइन' प्रतिबद्धता सम्मेलन गर्ने जनाइएको छ।

## कामना सेवाको उच्च ब्याजदर सहित अनलाइन खाता सञ्चालनमा

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

**काठमाडौं/मस**- कामना सेवा विकास बैंकलेग्राहकहरुको सुविधा र हितलाई ध्यानमा राख्दै मिति २०७७/०१/१६ गते देखि लागू हुनेगरी बैंकको वेबसाइट मार्फतअनलाईन खाता खोल्न सकिने सुविधा सञ्चालनमा ल्याएको छ।

प्रगतिको आधार कामना सेवासँग कारोबार भन्ने मुल नाराका साथ आम जनता माझ विभिन्न बैकिङ सुविधा प्रदान गर्दै आइरहेको उक्त बैंकले अब घरैमा बसेर कामना सेवा विकास बैंकको जुनसुकै शाखा कार्यलयमा आफ्नो ईच्छा अनुसारको सर्वाधिक उच्च ब्याजदर सहितको बचत खाता तथा मुद्दती निक्षेप खाता खोल्न सक्नेछन। उक्त खाता खोल्न साथ ग्राहकहरुले नियमित रुपमा बैकिङ कारोबार गर्न सक्नेछन।

यसै गरीकामना सेवा विकास बैंकले बिक्रम संवत २०७७ सालको डिजिटल क्यालेन्डर सार्वजनिक गरेको छ। यस क्यालेन्डरमा बैंककै कमचारी साथीहरुद्वारा खिचीएका तस्विरहरु प्रयोग गरीएको छ।

## आठ महिनामा रु ३४ लाख राजस्व

**झिमरुक/मस**-चालु आर्थिक वर्षको आठ महिनामा प्यूठान जिल्ला ट्राफिक कार्यालयले रु ३४ लाख राजस्व संकलन गरेको छ। गत साउनदेखि फागुन मसान्तसम्म पाँच हजार ८९४ सवारी साधन कारवाहीबाट रु ३३ लाख आठ हजार राजस्व संकलन भएको हो।

गत वर्षभन्दा यस वर्ष सवारी साधन बढी भएका कारण राजस्व पनि औसत धेरै देखिएको जिल्ला ट्राफिक कार्यालय देवीस्थानका प्रमुख मधु थापाले बताए।

गत आर्थिक वर्ष ०७५/०७६ मा रु ६ हजार ४७५ सवारी साधन कारवाहीबाट रु ३५ लाख सात हजार राजस्व संकलन गरिएको ट्राफिक कार्यालय तथ्याङ्कमा उल्लेख छ। गत वर्ष चैतमा मात्रै रु दुई लाख ८० हजार सवारी साधन कारवाहीबाट राजस्व संकलन भएको थियो।

यसैबीच जिल्लामा एक महिनामा २३४ सवारी साधनलाई नियन्त्रणमा लिइएको छ। लकडाउनका समयावधिमा बिनाअनुमति सञ्चालनमा आएका ट्र्याक्टर, मोटरसाइकल र स्कुटरमा सवार व्यक्तिका सवारी साधन नियन्त्रणमा लिइएको प्रहरी प्रमुख नरेन्द्रकुमार कार्कीले बताए।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु

ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने।

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**